"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

# प्रदेश खेलकुद विकास परिषद्

PROVINCE SPORTS DEVELOPMENT COUNCIL

बागमती प्रदेश, हेटौंडा, नेपाल

Bagamati Province, Hetauda, Nepal

प.सं : २०८३/०८४

चलानी नं :

**<u>संघ, संस्था तथा क्लब दर्ता/नवीकरण सम्बन्धी सूचना</u> ।**

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०६/१५)

प्रदेश खेलकुद विकास ऐन, २०७५ को **दफा १३** मा खेलकुद सम्बन्धी क्लब, संघ, संस्था परिषद्मा दर्ता हुनुपर्ने व्यवस्था तथा प्रदेश खेलकुद विकास नियमावली, २०७६ को **नियम १०** मा खेलकुद सम्बन्धी क्लब, संघ, संस्थाको आबद्धता तथा नवीकरण सम्बन्धी व्यवस्था रहेको र तत् सम्वन्धमा मिति २०८३/०५/१६ गते संघ, संस्था तथा क्लब दर्ता/नवीकरण सम्बन्धी सूचना प्रकाशित गरिएकोमा अझै सम्म पनि कतिपय संघ संस्थाहरुले यस परिषद्मा आबद्धता एवं नविकरण नगराएको हुँदा नविकरण गराउन बाँकी संघ, संस्था तथा क्लबहरुले नियमानुसार नविकरण गराउन हुन र बागमती प्रदेश भित्र रहेका अन्य सम्पूर्ण खेलकुद सम्बन्धी क्लब, संघ तथा संस्थाहरूले परिषद्मा प्रचलित कानून बमोजिम दर्ता/आबद्धता गराउन हुन **पुनः अन्तिम पटक सात (७)** दिनको सूचना प्रकाशित गरिएको छ।

यसै सन्दर्भमा आगामी दशौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश हुने ३२ वटा खेल विधासँग सम्बन्धित प्रदेश एवं जिल्ला स्थित खेलकुद संघहरू समेत उल्लेखित **सात (७) दिन भित्र** परिषद्मा अनिवार्य रूपमा दर्ता/आबद्धता भएको हुनुपर्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि निर्देशानुसार सूचित गरिन्छ।

**पुनश्चः** हालसम्म यस परिषद्मा दर्ता तथा आबद्धता भई ऐन तथा नियमावली बमोजिम समयमै नविकरण कार्य नगरेका संघ, संस्था तथा क्लबहरु **प्रदेश खेलकुद विकास ऐन, २०७५ तथा प्रदेश खेलकद विकास नियमावली, २०७६ (संशोधन सहित) को नियम ११ को उपनियम १(ख) बमोजिम** त्यस्ता संघ, संस्था वा क्लबहरुको आबद्धता स्वतः रद्ध हुने र माथी उल्लेखित समयावधि (७ दिन) भित्र दर्ता नभएका खेलकुद सम्बन्धी संघ, संस्था तथा क्लबहरूलाई दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आधिकारिक छनोट प्रक्रिया तथा परिषद्बाट सञ्चालन हुने अन्य कुनै पनि कार्यक्रम एवं सहयोगमा सहभागी नगराइने व्यहोरा समेत निर्देशानुसार जानकारी गराइन्छ।

**थप जानकारीका लागिः ९८५६०५१५९४, ९८४७८०२०९०**

०६।१५

............

देवेन्द्र कटेल

प्रमुख

खेलकुद प्रतिष्ठान शाखा